लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जेठपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# लिसंखु पाखर गाउँपालिकाको कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यापालिकाबाट पारित मिति:२०८०/६/१५
प्रमाणित मिति:२०८०/०६/१५

## प्रस्तावना :

लिसंखु पाखर गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट नीति कार्यक्रम कार्यान्वयन गर्न र कृषि उत्पादन लागत घटाउन कृषकहरुलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न साथै कृषिलाई आधुनिक,व्यवसायिक र प्रतिस्पर्धी बनाउन आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम यस कार्य्रविधिलाई गाउँ कार्यपालिकाको मिति २०८०/०६/१५ को बैठकले स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "लिसंखु पाखर गाउँपालिकाको कृषि यान्त्रीकरण तथा कृषि औजार उपकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८०" रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधि बमोजिम ।

क) **"अध्यक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) **"उपाध्यक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) **"कार्यालय"** भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) **"गाउँपालिका"** भन्नाले लिसंखु पाखर गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) **"पहिलो पक्ष"** भन्नाले लिसंखु पाखर गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) **"दोस्रो पक्ष"** भन्नाले कृषक/कृषि तथा कृषक समूह ,सहकारी, निजी फर्म वा अनुदानग्राही सम्झनु पर्दछ ।

छ) **"आपुर्तिकर्ता"**:.भन्नाले कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी,उत्पादक,बितरक,डिलरलाई सम्झनु पर्दछ ।

ज) **"आपुर्तिकर्ता मुल्याङ्कन समिति"** : भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समितिलाई सम्झनु पर्दछ । समिति बाँकी...........

१....................

२..................

Krishna

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

झ) **"कृषि यन्त्र उपकरण"** : भन्नाले बाली,मौरी,मत्स्य आदि जस्ता कृषि उपजहरुको उत्पादन,प्रशोधन,भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र,उपकरण,औजार र अट्याचमेन्ट लाई सम्झनु पर्दछ ।

ञ) **"अनुदानग्राही/साझेदार"** भन्नाले अनुदानमा कृषि यन्त्र,उपकरण लिन ईच्छुक कृषक समुह,कृषि सहकारी,निजी कृषि फर्म,कृषि उद्यमी आदिलाई सम्झनु पर्दछ ।

ट) **"स्वलगानी"** : भन्नाले साझेदारले अनुदान बाहेकको व्यहोर्ने रकमलाई सम्झनु पर्दछ ।

<u>**कार्यक्रमको उदेश्य**</u> : यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

१) कृषि उत्पादनमा लागत घटाउने ।
२) युवा शक्तिलाई उत्पादनमा आकर्षित गर्ने ।
३) कृषि कर्ममा यान्त्रीकरण प्रवर्द्धन गर्ने ।
४) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
५) कृषिलाई आधुनिकिकरण,वैज्ञानिक,व्यवसायिक र प्रतिस्पर्धी बनाउने ।

ठ) **"कार्यक्रम"** : भन्नाले गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने व्यवसायिक तरकारी बाली विकास कार्यक्रम वा माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामाग्री सहुलियत दरमा वितरण गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

ड) **"वडा"** : भन्नाले लिसंखु पाखर गाउँपालिका भित्रका सबै वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ढ) **"सहकारी"** : भन्नाले सहकारी ऐन २०४८ वा प्रचलित कानुन बमोजिम कृषि क्षेत्रको प्रवर्द्धन गर्ने उदेश्यले गठित वा स्थापना भएको संस्था कृषि सहकारी,निजी फर्म,कृषि सहकारी,दुग्ध सहकारी,चिया कफी सहकारी लगायतका सहकारीलाई सम्झनु पर्दछ ।

ण) **"वारेन्टी/ग्यारेन्टी"** : भन्नाले कृषि यन्त्र आपूर्तिकर्ताले निश्चित अवधि/शर्त अर्न्तगत कृषि यन्त्र खरिदको साथमा उपभोक्तालाई थप मुल्य नलिई उपलब्ध गराईने सेवा वा बिग्रीएको सामान साट्ने/फिर्ता गर्ने कार्यलाई जनाउँदछ भने उक्त अर्थले सर्भिसिङ्ग,मर्मत आदि समेतलाई जनाउँदछ ।

त) **"होम डेलिभरी"** : भन्नाले कृषि यन्त्र आपुर्तिकर्ताले उपभोक्ताको घरमै कृषि यन्त्र पु-याउने कार्यलाई सम्झनु पर्दछ ।

थ) **"बिक्री पश्चातको सेवा"** : भन्नाले आपुर्तिकर्ताले उपभोक्तालाई कृषि यन्त्र उपकरण बिक्री पश्चात निशुल्क रुपमा प्रदान गर्ने सेवा वारेन्टी,ग्यारेन्टी,सर्भिसिङ संचालन सम्बन्धी तालिम,होम सर्भिस आदिलाई जनाउँदछ ।

द) **"भाडामा लगाउन सकिने"** : गाउँपालिकाबाट प्राप्त गरेको कृषि यन्त्र उपकरण कृषि सम्बन्धी कार्य गर्नका लागि भाडामा लगाउन सकिने छ ।

ध) **"भाडा दर"** : भन्नाले गाउँपालिकाबाट अनुदानमा वितरण गरेको कृषि यन्त्र उपकरण भाडामा लगाउँदा प्राप्त गर्ने रकमलाई बुझ्नु पर्दछ ,भाडा दर गाउँपालिकाले निर्धारण गर्नु पर्नेछ ।

न) **"कृषि सामाग्री"** भन्नाले खाद्यान्न, तेलहन ,दलहन ,मसलाबाली ,नगदेबाली तथा तरकारी बाली, बीउ ,बिरुवा प्लास्टिक टनेल,सिँचाई पाईप,सिँचाई मोटर,पम्पसेट,मेसिनरी औजार,जैविक मल,च्याउ बीउ,विषादी लगायत कृषि प्रवर्द्धनमा सहयोग पु-याउने सामाग्रीलाई सम्झनु पर्दछ ।

प) **"मूल्याङ्कन समिति"** : भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २
## कार्यक्रम संञ्चालन प्रक्रिया

**१) "निवेदन माग तथा कार्यक्रम संचालन" :** यस कार्यविधि बमोजिम कृषि यन्त्र,उपकरण लिन चाहने साझेदारका लागि निवेदन दिन १५ दिनको म्याद दिई कृषि विकास शाखाले अनुसुचि १ बमोजिम गाउँपालिका र वडाहरुको सूचना बोर्डमा सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्ने छन् ।

**२) कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरणका लागि प्रस्ताव आव्हान :**

**क)** गाउँपालिकाकाले कृषि यन्त्र,उपकरणको आपुर्ति गर्न ५ लाख भन्दा माथिको सामाग्री खरिद गर्नु परेमा टेन्डर आह्वान गरी ईच्छुक आपुर्तिकर्ताबाट टेन्डर प्रस्ताव पेश गर्न १५ दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

**ख)** सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बैङ्क ग्यारेन्टी वा सो बराबरको रकम धरौटी,निवेदन र अनुसुचि ३ अनुसारको प्रस्ताव पेश गर्नु पर्नेछ । अन्य विधि..............................

**३) आपुर्तिकर्ता मूल्याङ्कन समिति :**

क) प्रस्ताव मुल्याङ्कन गरी कृषि यन्त्र तथा सोको आपुर्तिकर्ताहरु,साझेदारहरु छनौट गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति गठन हुनेछ ।

१)

२)

३)

**४) मुल्याङ्कन समिति : १)** प्रचलित कानुनमा व्यवस्था भएको अतिरिक्त मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क)** मुल्याङ्कन समितिले आवश्यकता अनुसार मुल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि आपुर्ति मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने छ ।

**ख) मूल्याङ्कनका आधारहरु :**

१. मिनिटिलरको हकमा कम्तीमा ३ रोपनीमा खेती गरेको हुनु पर्ने ।

२. पावर टिलरको हकमा ५ रोपनी भन्दा बढी क्षेत्रफलमा खेती गरेको हुनु पर्दछ ।

३. कृषि फर्म दर्ता तथा कृषि विकास शाखामा दर्ता भएको कृषक समुहमा आवद्ध हुनु पर्नेछ

४. सहकारीको हकमा कृषि सहकारी हुनु पर्ने छ ।

**५) सम्झौता :** प्रस्ताव स्वीकृत भएका सप्लायर्सले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूचि ६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

क) उपदफा १ बमोजिमको समय सिमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिने छ ।

ख) रित पुर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

ग) उपदफा २ बमोजिम सम्झौता गर्न नआएमा वा रित पुर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा १५ दिनको म्याद दिई पुन सुचना प्रकाशन गर्नु पर्नेछ ।

**६) साझेदारको दायित्व :** गाउँपालिकाले छनौट गरेका साझेदारले कृषि यन्त्र उपकरण बुझ्ने समयमा स्वलगानी तर्फको रकम सम्झौता भएका आपुर्तिकर्ताको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ ,साथै अनुसुचि ६ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

**७) भुक्तानी प्रकृया :** आपुर्तिकर्ता र साझेदार बीच अनुसुची ७ अनुसार सम्झौता गरी अनुदान रकम भुक्तानी लिन साझेदारले स्वलगानी तर्फको रकम आपूर्तिकर्ताको बैङ्क खातामा जम्मा गरेको सक्कल भौचर अनुसूचि ५ बमोजिमको विवरण र त्यसमा उल्लेख भएका कागजातहरु गाउँपालिकामा पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा गाउँपालिकाले आपूर्तिकर्ता लाई भुक्तानी दिनेछ ।

**८) आपुर्तिकर्ताको दायित्व :** कृषि यन्त्र उपकरण आपूर्ति गर्न आपुर्तिकर्ताले अनुसुचि ८ को ढाँचामा प्रत्येक कृषि यन्त्र उपकरणमा स्पष्ट देखिने गरी लामो समय सम्म टिकाउ हुने स्टीकर टाँस्नु पर्नेछ ।

**९) विशेष प्राथमिकता :** महिला कृषक,जनजाति,तथा दलित समुदाय रहेको समुह र सहकारी निजी फर्म लाई प्राथमिकता दिईने छ ।

**१०) अनुगमन तथा मुल्याङ्कन :** यस कार्यक्रमको अनुगमन कृषि विकास शाखाको प्राविधिक र आर्थिक विकास समितिको सदस्यहरु तथा सम्बन्धीत वडाको वडा अध्यक्षबाट हुनेछ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष :

**११) कार्यक्रम संचालनको आर्थिक पक्ष :**

क) स्वीकृत बार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम रु.१०,००० भन्दा कम मुल्य पर्ने कृषि यन्त्र उपकरणमा ७५ % अनुदान उपलब्ध गराईने छ ।

ख) स्वीकत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम रु.१०,००० भन्दा बढी मुल्य पर्ने कृषि यन्त्र उपकरणहरुमा सरल मुल्यमा ५०% अनुदान उपलब्ध गराईने छ ।

ग) कार्यक्रम बजेटको ३% कन्टिन्जेन्सी बापत कट्टा गरिने छ र सो रकम बैठक,अनुगमन,निरीक्षण,ईन्धन र प्राविधिक खर्च आदि कार्यक्रममा खर्च गरिने छ ।

**१२) कारबाहीको व्यवस्था :**

क) सम्झौता अनुरुप काम नगर्ने आपुर्तिकर्तालाई गाउँपालिकाले प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

ख) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा सो यन्त्र उपकरणहरुको दुरुपयोग गर्ने त्यस्ता साझेदारबाट १०% जरिवाना सहित अनुदान रकम असुल उपर गरिने छ ।

**१३) संशोधन** : यो कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्चन परेमा गाउँपालिकाले संशोधन गर्न सक्ने छ ।

**१४) प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# अनुसूचि १
## (दफा ६ संग सम्बन्धित)
## साझेदारको लागि प्रस्ताव आव्हानको सुचना
**प्रथम पटक प्रकाशित मिति :२०८०/०६/**

यस लिसंखु पाखर गाउँपालिका कृषि विकास शाखाको आ.व २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण तथा कृषि औजार उपकरण प्रर्वद्धन सम्बन्धी कार्यविधि २०८० अनुसार कृषि यान्त्रीकरण तथा औजार उपकरण खरिद गर्न लिसंखु पाखर गाउँपालिकाका कृषक समुह,कृषि सहकारी,निजी कृषि फर्म तथा कृषि उद्यमीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा लिसंखु पाखर गाउँपालिकाको कृषि विकाश शाखामा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नहुन सम्बन्धित सवैलाई आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**पेश गर्नुपर्ने कागजातहरको विवरण :**

१) विषय खुलाएर निवेदन।
२) मेशिनरी औजार संच्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि।
३) आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४) संस्था नविकरण प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भए कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अत्यावधिक भएको पत्र।
५) साझेदारहरुको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि।
६) गत आ.व को कर चुक्ता प्रमाण पत्र।
७) साझेदारको निर्णय प्रतिलिपि।
८) साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको पदाधिकारीलाई अख्तियारी पत्र ।
९) अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
१०) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

दिल कृष्ण ...
प्रमुख प्रशासकीय अधिकृत

तिलहु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## अनुसूचि २

## अनुदानमा उपलब्ध गराउने कृषि यन्त्र औजार उपकरणहरु

| सि.नं | कृषि मेशिनरीको नाम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | मिनिटिलर | ५०% | |
| २ | पावर टिलर | ५०% | |
| ३ | मल्टिक्रप थ्रेसर | ५०% | |
| ४ | कम्वाईन मिल | ५०% | |
| ५ | मकै छोडाउने मेशिन | ५०% | |
| ६ | आलु रोप्ने मेशिन | ५०% | |
| ७ | आलु ग्रेडिङ मेशिन | ५०% | |
| ८ | झार गोड्ने मेशिन | ५०% | |
| ९ | सिंचाई पम्प र मोटर | ५०% | |
| १० | पावर स्प्रेयर | ५०% | |
| ११ | अन्न बाली सुकाउने त्रिपाल | ५०% | |
| १२ | अन्य कृषक/उपभोक्ताबाट माग भएका आधुनिक कृषि यन्त्रहरु | ५०% | |

## अनुसूचि ३

(दफा ४ सँग सम्बन्धित)

**(कृषि यन्त्र उपकरणको आपूर्तिका लागि आवेदन फारम)**

१) फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२) फर्मको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।

३) गत आ.व सम्मको करचुक्ता प्रमाण पत्र ।

४) आयात अनुमती पत्र वा मूख्य आयात कर्ताबाट प्राप्त गरेको डिलरसिप (ब्रान्ड अनुसार)

५) काराबवार विवरणको प्रमाणित प्रतिलिपि (पछिल्लो ३ वर्षको लेखा परिक्षण प्रतिवेदन)

६) कृषि औजार उपकरणहरुको स्पेशिफिकेशन खुल्ने क्याटलग वा लिफलेट ( Specification,Catlogs & Leaflets)

७) आर्थिक खरिद नियमावली अनुसार बोलकबुल धरौटी वा बैङ्क ग्यारेन्टी

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# आपुर्तिकर्ताको निवेदनको ढाँचा

१) फर्मको नाम :..........................................................................................

२) प्रधान/केन्द्रीय कार्यालयको ठेगाना :..............................................................

फोन नं.....................................................फयाक्स नं.................................

३) आधिकारीक व्यक्ति :...................क...............................................................

पद :...........................................................................................

फोन नं....................................मोबाईल नं..............................फयाक्स नं.....................

ईमेल ठेगाना : ....................................................

४) फर्मको दर्ता नं. ..............................................दर्ता गरिएको कार्यालय : .......................

मिति :.......................................................

५) प्यान/भ्याट दर्ता नं...........................................................मिति : ............................

६) व्यापारको प्रकार/उद्धेश्य :..................................................................

७) विगत ३ बर्षको वित्तिय अवस्था (विगत ३ वर्षको लेखा परिक्षण प्रतिवेदन संलग्न गर्ने)

**वासलातको विवरण :**

| आ.व | १ | २ | ३ |
|---|---|---|---|
| जम्मा सम्पती | | | |
| जम्मा दायित्व | | | |
| कुल सम्पतीको मुल्य | | | |
| चालु सम्पती/पुँजी | | | |
| चालु दायित्व | | | |

जिसङ्ग पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**आयको विवरण :**

| | | | |
|---|---|---|---|
| आ.व.................. | | | |
| जम्मा आम्दानी | | | |
| आयकर अधिको नाफा | | | |
| आयकर कट्टि पछिको नाफा | | | |

**वितिय स्रोतहरु (सँलग्न गर्न आवश्यक परेमा )**

| क्र.स | वित्तिय स्रोतहरु | रकम |
|---|---|---|
| | | |
| | | |
| | | |

**नोट : बैङ्कको पत्र निशर्त हुनुपर्दछ ।**

**कार्यरत जनशक्तिको क्षमता :**

| क्र.स | नाम | पद | शैक्षिक योग्यता | अनुभव (बर्ष) |
|---|---|---|---|---|
| | | प्रवन्धक | | |
| | | लेखा/बिक्रेता/मार्केटिङ | | |
| | | ईन्जिनियर/सब ईन्जिनियर/मेकानिक्स | | |

➢ सि.भी र सर्टिफिकेट संलग्न गर्नुहोला अन्यथा मुल्यांकनको लागि छनौट हुने छैन ।

लिसङ्खु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

९) : फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको दर तथा स्वीकृत विवरणहरु अनुसुचि १ अनुसार ( उपयुक्त क्याटलग,स्पेशिफिकेशन आदि संलग्न राख्ने)

| उपकरणको स्पेशिफिकेशन विवरण | उपकरणको नाम | ब्रान्ड | मोडल | पावर. एच.पि | प्रति ईकाई लागत (भ्याट र ट्याक्स सहित) | | उपकरणको बाकस सहित नि.शूल्क स्पेयर पार्ट | बिक्रि पश्चात निशुलक सर्भिस( पटक) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दर (अंकमा) | दर (अक्षरमा) | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१०) फर्मले उपलब्ध गराउन सक्ने उपकरणहरुको उपलब्धता अनुसुचि १ अनुसार (एक आ.व को लागि मात्र) :

| क्र.स | उपकरणको नाम | ब्राण्ड | मोडल | स्टकमा उपलब्ध ( संख्या) | एक आ.व मा उपलब्ध गराउन सक्ने संख्या | दर (अंकमा) | जम्मा रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट : एक आ.व मा फर्मले उपलब्ध गराउन सक्ने जम्मा रकमको २.५% को दरले हुन आउने रकमको दाखिला भौचर वा बैङ्क ग्यारेन्टी समावेश गर्ने अन्यथा फर्म मुल्याङ्कनको लागि योग्य हुने छैन ।

११) स्पेयर पार्टहरुको उपलब्धता (आवश्यक परेमा छुट्टै पाना समावेश गर्ने)

| क्र.स | स्पेयर पार्टको नाम | संख्या | दर (अंकमा) | जम्मा रकम (रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२) प्रत्येक उपकरण तथा मेसिनरीहरुको फर्म पर्फमेन्श जाँच सर्टिफिकेट.........।
उपलब्ध सम्पूर्ण स्पेयर पार्टहरुको रकम रु.................................(मूल्याङकनको लागि कोडेट हुनु पर्दछ )

१३) देशभित्र रहेका डिलरहरु,शाखाहरु तथा बिक्रेताहरु :

| क्र.स | नाम | ठेगाना | सम्पर्क व्यक्ति | ईमेल | फोन नं. | मोबाईल नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नोट : फर्म संगको सम्झौता पत्र पान वा भ्याट दर्ता आदिको प्रतिलिपि संलग्न गर्ने अन्यथा मुल्याङ्कनको लागि मान्य हुने छैन ।

**१४) सर्भिस सेन्टरहरु :**

| क.स | नाम | जिल्ला | उपलब्ध हुने सेवाहरु | ठेगाना | सम्पर्क व्यक्ति | ईमेल | फोन नम्वर | मोवाईल नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

नोट : फर्म संङगको सम्झौता पत्र पान वा भ्याट दर्ता आदिको प्रतिलिपि संलग्न गर्ने अन्यथा मुल्याङ्कनको लागि मान्य हुने छैन ।

**१५) व्यवसायिक/पेशागत अनुभवहरु**

१)........................................................

२)........................................................

३)........................................................

**१६) विशिष्ट/अन्य अनुभवहरु (कृपया आवश्यक/सहयोगि कागजातहरु समावेश गर्नु होला)**

**प्रस्तुत गरिएका सबै कुरा सत्य हुन्,झुता ठहरियमा कानुन बमोजिम सहुला बुझउँला ।**

**कार्यालयको छाप**

**(आधिकारीक व्यक्तिको सहि)**

**नाम :** .......................................।

**पद :**........................................।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# अनुसूचि ४

## (दफा ६ को उपदफा (२) संग सम्बन्धित)

**अनुदानमा कृषि यान्त्रीकरण तथा औजार,उपकरण प्राप्त गर्न चाहने साझेदारले लिसंखुपाखर गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्ने निवेदनको दाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिसंखु पाखर गाउँपालिका
सिन्धुपाल्चोक,अत्तरपुर ।

**विषय : कृषि यन्त्र उपकरण तथा औजार अनुदानमा उपलब्ध गराई पाउँ ।**

उपरोक्त सम्बन्धमा म/ हामी लाई कृषि क्षेत्रमा उपयोग गर्नका लागि "कृषि यान्त्रीकरण तथा औजार उपकरण,प्रर्वद्धन सम्बन्धी कार्यविधि २०८०" अनुसार मिति :.............................प्रकाशन गरेको सुचनाको आधारमा उल्लखित मध्यको आवश्यक परेको कृषि यन्त्र तथा औजार उपकरणहरु प्रारम्भिक छनौटको फारममा भरी कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौ ।

१).......
२)........
३)............

निवेदक
दस्तखत :
नाम :
साझेदारको नाम :
पद
सम्पर्क नम्बर
साझेदारको छाप

प्रमुख प्रशासकीय अधिकृत

**कृषि यान्त्रीकरण तथा औजार उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटका लागि भर्ने फारम :**

क) साझेदारको विवरण :

१) संस्थाको नाम :.................................................... अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्र नम्बर....................................../जारी मिति :..................................

२) दर्ता नम्बर ........................................दर्ता मिति :...........................दर्ता निकाय :.......

३) स्थायी ठेगाना जिल्लाः- :..................गा.पा/न.पा...................वडा. नं................टोल :...

४) हालको ठेगाना :- जिल्लाः- :.................गा.पा/न.पा...................वडा. नं..............टोल

५) सम्पर्क :- मोबाईल नं...........................फोन नं.........................ईमेल :..................

६) व्यक्तिको नाम :..................................पद......................मोबाईल नं........................

७) साझेदारको PAN Number :.............................................

८) सदस्य संख्या : महिला............पुरुष...........दलित..............जनजाती...................

९) लाभान्वित कृषक संख्याः प्रत्यक्ष :......................अप्रत्यक्ष :...............................

१०) प्राप्त गर्न चाहेको कृषि यान्त्रीकरण तथा औजार उपकरणहरुको विवरण :

| क्र.स | आपुर्तिकर्ताको नाम | यन्त्र/औजार/उपकरणहरको नाम | ब्राण्ड | मोडल | हर्जपावर/साईज/लिटर | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११) प्राप्त कृषि यान्त्रीकरण/औजार/उपकरणहरु उपयोग गर्ने ..............................क्षेत्र

| सि.न. | जिल्ला | गाउँ/गाउँपालिका |
|---|---|---|
| | | |
| | | |

१२) कृषि यान्त्रीकरण तथा औजार/उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौ ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पेश गरेको विवरण ठिक साँचो छ,झुटा भएमा कानुनी कारबाही भएमा जारी छु/छौ । मलाई/हामीलाई त्यस गाउँपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/छौ ।

संस्थाको छाप

निवेदकको सही.............

मिति :

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि ५
### (दफा १० संग सम्बन्धित)
## अनुदान रकम भुक्तानी आवेदन फारम

**आपुर्तिकर्ताको प्रयोजनको लागि :**

१).जिल्ला....................गा.पा/न.पा.................बस्ने साझेदार श्री..................छनौट भई माग गरे बमोजिम कृषि यन्त्र/औजार उपकरण............. को खरिद/बिक्री मूल्य रु...............पर्नेको अनुदान स्वरुप रु....................अक्षरुपी...............................को कृषि यन्त्र/औजार/उपकरण यस आपुर्तिकर्ताबाट उपलब्ध गराईएको छ ।

२) कृषि यन्त्र उपकरण बुझिलिनेको नाम :..................सहि..................मिति..........................छाप :...............

३)साझेदारबाट व्यहोर्ने अनुदान बाहेकको रकम ....................अक्षरुपी........................आपुर्तिकर्ताको............बैङ्क.................. ठेगानामा रहेको खाता नं....................मिति...................मा जम्मा गरेको सक्कल भौचर ।

आपुर्तिकर्ताको छाप :

आपुर्तिकर्ताको नाम र ठेगाना...........
आधिकारीक व्यक्तिको सहि...........
आधिकारीक व्यक्तिको नाम :.......
दर्जा.................................

**कृषि विकास शाखाको प्रयोजनको लागि :**

४) उपरोक्तानुसार भएको देखिएकोले कृषि यान्त्रीकरण अनुदान रकम रु....................अक्षरुपी..................................आपुर्तिकर्ताको नाममा भुक्तानी प्रयोजनार्थ सिफारीस गर्दछु ।

सहि : ..............................
दर्ता :................................
स्वीकृत गर्ने अधिकारी :.............
मिति :..............................

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अटरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# अनुसूचि ६
## (दफा ९ संग सम्बन्धित)
## साझेदार र लिसंखुपाखर गाउँपालिका कृषि विकास शाखा बीचको सम्झौता–पत्र

लिसंखुपाखर गाउँपालिका कृषि विकास शाखाको आ.व ......................को स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत कृषिमा यान्त्रीकरण तथा औजार उपकरण प्रर्वद्धन,सहयोग तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालनको लागि मिति .................... .................... राष्ट्रिय दैनिक/स्थानीय साप्ताहिक पत्रिकामा प्रकाशित सुचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ...................को प्रस्ताव छनौट भएको हुँदा कृषि विकास शाखा,......................(यसपछि प्रथम पक्ष भनिने) र श्री.........................................(यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारको शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनका लागि द्धि-पक्षीय सम्झौता गरि बुझि लियौं/दियौं ।

### तपशिल

१)दोस्रो पक्षले आपुर्तिकर्ता मुल्याङ्कन समितिबाट छनौट भएको आपुर्तिकर्ताबाट........................कृषि यन्त्र उपकरण तथा औजार खरिद गर्नु पर्नेछ ।

२) प्रथम पक्षले कृषि यन्त्र उपकरण तथा औजारको परल मुल्यको ५० देखि ७५% सम्मको अनुदान रकम बराबर कृषि यन्त्र उपकरण उपलब्ध गराउने छ ।

३) दोस्रो पक्षले चाहेको कृषि यन्त्र उपकरणको परल मुल्यको २५देखि ५० % सम्मको रकम स्वलगानी गर्नु पर्ने छ ।

४) दोस्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्र उपकरण तथा औजारको स्वलगानी रकम................ छनौट भएका आपुर्तिकर्ता........................खातामा जम्मा गर्नु पर्नेछ ।

५) दोस्रो पक्षले जम्मा गरेको रकमको सक्कल भौचर सम्बन्धित छनौट भएका आपुर्तिकर्तालाई पेश गर्नु पर्नेछ ।

६) कृषि यन्त्र उपकरण ल्याईसकेपछि, बिग्रीएमा,टुटफुट भएमा दोस्रो पक्ष स्वयमले मर्मत गर्नु पर्नेछ ।

७) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन,व्यवस्थापन तथा जोखिम र दिगोपनका लागि रिने कार्यहरु तथा अप्रत्यक्षीय रुपमा सिजीत सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुने छ ।

८) कायक्रम संचालनका दौरानमा कुनै कुरामा हेरफेर गर्न वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमती अनुसार हुने छ ।

९) सम्झौतामा उल्लेख हुन छुटेको विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसि सहमती अनुसार हुने छ ।

**दोस्रो पक्षको तर्फबाट :**

हस्ताक्षर :...........................
नाम :..................................
पद :.......................................
साझेदार
साझेदारको छाप :

**प्रथम पक्षको तर्फबाट :**

हस्ताक्षर :....................
नाम :........................
पद :........................
कार्यालय :
कार्यालयको छाप :

इस्वीसम्वत...........................साल...............महिना..........................गते रोज.......शुभम् ।

Dkrishna
दिल कृष्ण ...
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचि ७
## (दफा १० संग सम्वन्धीत)
## साझेदार र आपुर्तिकर्ता विचको सम्झौता-पत्र

यो सम्झौता मिति : २०८०/.........................(त्यसपछि आपुर्तिकर्ता भनिने) र यान्त्रीकरण तथा कृषि औजारहरु उपकरण अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि कृषि यान्त्रीकरण उपकरण तथा औजार प्रर्वद्धन सम्बन्धी कायविधि २०८० बमोजिम मुल्याङकन समितिबाट छनौट भएका कृषि यन्त्र उपकरण तथा औजारहरको मोडल,ब्राण्ड,लिटर र क्षमताको स्वलगानी तर्फको रकम सम्बन्धित छनौट भएका आपुर्तिकर्ताको खातामा जम्मा गर्न सहमत भई तपशिलका शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ।

**शर्तहरु :**

१) स्वीकृत कृषि यान्त्रीकरण औजार तथा कृषि औजार उपकरण प्रर्वद्धन सम्बन्धी कार्यविधि,२०८० यस सम्झौताको अभिन्न अङ्ग मानिने छ।

२) मुल्याङ्कन समितिको निर्णय अनुसारको कृषि यन्त्रीकरण तथा औजार उपकरणको ब्राण्ड मोडल,क्षमता र अनुदान रकम सम्बन्धी निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ।

३) आपुर्तिकर्ताले निम्न बँदाहरु अनुसारको शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्ने छ।

क) साझेदारले कृषि यन्त्र उपकरण तथा औजार बुझ्ने समयमा सो लगानी तर्फको रकम आपुर्तिकर्ताको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ।

ख) आपुर्तिकर्ताले शर्त (क) अनसार समयमा साझेदारलाई कृषि यान्त्रीकरण तथा औजार उपकरण उपलब्ध नगराएमा साझेदारले कृषि विकास शाखामा जानकारी गराउनु पर्नेछ सो अवस्थामा कृषि विकास शाखाले प्रचलित कानुन बमोजिम असुल उपर गर्न सकिने छ।

ग) मुल्याङकन समितिबाट स्वीकृत अनुदान रकम भन्दा बढि कृषि यान्त्रीकरण तथा औजार उपकरण बिक्री गरेमा बिक्री गरिएको कृषि यन्त्र उपकरण तथा औजारमा अनुदान दिईने छैन सो को जिम्मेवारी आपुर्तिकर्ता स्वयम नै हूनेछ।

घ) आपुर्तिकर्ताले अनुदान लिने साझेदारलाई कृषि यान्त्रीकरण तथा औजार उपकरण संञ्चालन तथा मर्मत सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ।

ङ) अनुदानमा वितरित कृषि यन्त्र उपकण तथा औजारमा अनुसुचि ८ ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखि अनिवार्य टाँस गर्नु पर्नेछ।

४) साझेदारले निम्न बुँदाहरु अनुसारको शर्तहरु पुर्ण रुपले पालना गर्नु पर्नेछ।

क) साझेदार कृषि पेशा,व्यवसायमा संलग्न भएको हुनु पर्नेछ।

ख) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरि अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाईने छैन।

ग) साझेदारले स्वलगानी तर्फको रकम कृषि यन्त्र उपकरण तथा औजार बुझ्ने समयमा सम्झौता भएका आपुर्तिकर्ताको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ ।

घ) अनुसुचि ७ अनुसार भएको सम्झौता बमोजिम साझेदारले लिसंखु पाखर गाउँपालिकाबाट प्राप्त गर्ने अनुदान रकम आपुर्तिकर्तालाई भुक्तानी गर्न समन्वय गर्नु पर्नेछ ।

५) सम्झौतामा उल्लेख भएका कुराहरु सम्झौता बमोजिममा र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६) कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसि छलफलबाट निणर्य गरिने छ र केहि गरि टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार लिसंखु पाखर गाउँपालिका बाट भएको निणर्य अन्तिम हुनेछ ।

७) यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

८)उपरोक्त अनुसारका आपुर्तिकर्ता र साझेदार दुवै सहमत भई सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ/दियौ ।

**साझेदारको तर्फबाट**

*हस्ताक्षर :*
*नाम/थर :*
*पद :*
*मिति :*

***संस्थाको नाम :***

**आपुर्तिकर्ताको तर्फबाट**

*हस्ताक्षर :*
*नाम/थर :*
*पद :*
*मिति :*

***संस्थाको छाप :***

## अनुसूचि ८

## (दफा ११ संग सम्बन्धित)

## अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यान्त्रीकरण तथा औजार उपकरण आपुर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर,सिन्धुपाल्चोक
बागमती प्रदेश,नेपाल
कृषि विकास शाखाबाट अनुदान प्राप्त
आ.व:................................
आपुर्तिकर्ता :............................

प्रमाणिकरण मिति : २०८०/०६/..........

आज्ञाले,
दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत